REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 07.11.2024

## SSDMA MEETING

गान्तोक स्थित भू राजस्व तथा आपदा प्रवन्धन विभागको सिक्किम राज्य आपदा प्रवन्धन प्राधिकरण कार्यलयमा आज बसेको बैठकमा राज्यमा विशेष गरी हिमताल बिस्फोटको व्यवस्थापन सम्वन्धमा सिक्किम सरकार र स्वीस सरकारबीच समन्वयबारे चर्चा भयो।

यसमा बताइए अनुसार स्वीस विकास तथा सहयोग एजेन्सी राष्ट्रिय आपदा प्रवन्धन प्राधिकरण र सिक्किम राज्य आदा प्रबन्धन प्रधाकरण टोलीद्वारा साउथ ल्होनाक झील र शाकोछोको हालैको अभियानमा साउथ ल्होनाक झील र शाकोछोमा निगरानी प्रणालीको नयाँ उपकरण पुन जड़ान गरिएको छ। बताइन्छ गत वर्ष अक्तुवर महीनामा आएको बाड़ीले यी उपकरणहरूलाई बगाएको थियो।

राजस्व तथा आपदा प्रवन्धन विभागकी राहत आयुक्त तथा सचिव सुश्री नम्रता थापाले अध्यक्षता गर्नुभएको बैठकमा विभिन्न सम्वन्धित विभागका अधिकारीहरू स्वीस विकास एजेन्सीका प्रतिनिधिहरू भारत तिब्बत सीमा पुलिस आई आई बी पी र पिपनका लाचेनको उपस्थिती थियो।

## CAP

सिटिजन एक्शन पार्टी सिक्किमले राज्य सरकारसित टिस्टा जल प्रलय पीड़ितहरूलाई तत्काल क्षतिपूर्ति प्रदान गर्ने आग्रह गरेको छ।

आज जारी प्रेस विज्ञप्तीमा गत वर्षको टिस्टा बाड़ीले गर्दा क्षेत्रका मानिसहरूले अझैपनि विभिन्न समस्याहरूको सामना गर्नुपरिरहेको कुरो बताउँदै पार्टीले जंगु भएर जाने बैकल्पिक मार्गको पनि यथाशीघ्र मरम्मति गर्ने आग्रह गरेको छ।

<u>AWARENESS PROGRAME</u>

राज्यको माछापालन विभागले भारतीय कृषि अनुसन्धान परिषद ICAR राष्ट्रिय माछा आनुवंशिक संसाधन ब्यूरो, लखनऊसित मिलेर  पूर्वोत्तर योजना अन्तर्गत सिक्किमका माछापालनसित सम्वन्धित व्यक्तिहरूका लागि मंगनमा आज एक दिवसीय जागरूकता कार्यक्रम आयोजन गर्यो।

यस अवसरमा जिल्ला अध्यक्ष श्री कादो लेप्चा मुख्य अतिथि र उपाध्यक्ष सुश्री सोनाम किपा भुटिया विशिष्ट अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो।

दिगो माछा पालन अभ्यासका लागि प्रोत्साहित गरेर स्थानीय माछापालकहरूलाई संशक्त बनाउने अनि संसाधन सहयोग तथा तकनिकी प्रशिक्षणद्वारा उनीहरूको क्षमता बढाउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको थियो।

यसमा बोल्दै माछापालन विभागकी सचिव सुश्री रोशनी राईले विभिन्न सरकारी योजना र कार्यक्रमहरूद्वारा माछापालक तथा जालहारीहरूलाई सहयोग गर्ने विभागको प्रतिबद्धता दोहोर्याउनु भयो।

उहाँले सहभागीहरूसित हालै शुरू गरिएको राष्ट्रिय माछापालन डिजीटल Platform NEDP मा पञ्जीकरण गरेर उपलब्ध लाभहरूको उपभोग गर्ने आग्रह गर्नुभएको छ।

आफ्नो वक्तव्यमा ICAR  राष्ट्रिय माछा आनुवंशिक ब्यूरोको GEC प्रभाग प्रमुख डा राजीव के सिंहले माछा आनुवंशिक संसाधन संरक्षण तथा व्यवस्थापनमा संगठनको प्रयास र ब्यूरोद्वारा गरिएका कार्यकलापहरूबारे विस्तृत जानकारी दिनुभयो।

यस अवसरमा सजावटी माछा पालन र उत्पादन बढाउनमा सहयोगका लागि आवश्यक उपकरणहरू, तीसजना माछापालक र जालहारीहरूलाई सौर बत्ती र कूलर अनि अरू तीसजना लाभार्थीहरूलाई सजावटी माछाका आहार र  ट्याङ्कीहरू वितरण गरियो।

## Governor

आयुष मन्त्रालय अन्तर्गत केन्द्रीय होमियोपेथी अनुसन्धान परिषदका महानिदेशक श्री सुभाष कौशिकले आज राजभवनमा राज्यपाल श्री ओमप्रकाश माथुरसित भेट गर्नुभयो। उहाँसित नयाँ दिल्ली र गान्तोकका नोडल अधिकारीहरू पनि गएका थिए।

भेटघाटका बेला श्री कौशिकले राज्यपाललाई होमियोपेथीको क्षेत्रमा परिषदका विभिन्न अनुसन्धान पहल र कार्यकलापहरूबारे विस्तृत जानकारी दिनुभयो।

राज्यपालले होमियोपेथी अनुसन्धान परिषदको टोलीलाई आफ्नो कार्यद्वारा होमियोपेथीका लाभहरूबारे सिक्किमका मानिसहरूलाई अवगत गराउन र राष्ट्रका लागि योगदान दिन प्रोत्साहित गर्नुभयो।

## HEALTH CAMP

राष्ट्रिय आयुष मिशन र स्वास्थ्य तथा परिवार कल्याण विभागको तत्वावधानमा पाकिमको रर्बन सामुदायिक परिसरमा आज कर्मचारीहरूकालागि व्यापक स्वास्थ्य शिविर आयोजित भयो।

यसमा शारीरिक र मानसिक स्वास्थ्यमाथि आयुर्वेदको अभ्यासलाई समावेश गर्नुपर्ने आवश्यकतामाथि जोड़ दिइयो।

शिविरमा कर्मचारीहरूको स्वास्थ्य जाँच गर्नका साथै सन्तुलित जीवनशैली अप्नाउने सुझाउ दिइयो।

यस अवसरमा अन्य वाहेक पाकिमका अतिरिक्त जिल्लाधीश(विकास) श्री रबिन सेवा, पाकिमका मुख्य चिकित्सा अधिकारी डा. मदनमणि ढकाल र आयुष चिकित्सा अधिकारी डा. कुन्जन लामा उपस्थित हुनुहुन्थ्यो।

## CHATTH PUJA

चार दिने लामो सूर्यषष्ठी अथवा छठ पर्वको तेस्रो दिन आज साँझ श्रध्यालुहरूले सूर्यास्तमा प्रथम अर्ध्य चढाए।

यस अवसरमा गान्तोकको ठाकूरबाड़ी, रानीपूल र अन्य ठाँउहरूमा ब्रत लिनेहरूको भीड़ देखियो।

भोलि बिहान उदीयमान सूर्यलाई दोस्रो तथा अन्तिम अर्ध्य अर्पित गर्नका साथै यो पर्व समाप्त हुनेछ।

## CMESA SCHEME

मुख्य मन्त्री कार्यालयबाट प्राप्त सूचना अनुसार मुख्यमन्त्री शिक्षा सहायता योजना अन्तर्गत शैक्षिक वर्ष 2024-2025 का लागि वित्तीय सहायता लिन आवेदन बुझाउने अन्तिम मिति सोह्र नवम्बर तय गरिएको छ।

योग्य उम्मेदवारहरूले सबै आवश्यक दस्तावेजहरूसिहत आफ्नो आवेदन सोह्र नवम्बर सम्ममा मुख्यमन्त्री कार्यालयका जनसम्पर्क अधिकारीको कार्यालयमा बुझाउनु पर्नेछ।